# संवत् २०७८ सालको अध्यादेश नं. ४

# संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

## अध्यादेश तत्काल जारी गर्नु पर्नाको परिस्थिति र कारण

नेपालको संविधानको धारा २८४ बमोजिमको संवैधानिक परिषदले उक्त संवैधानिक निकायको प्रमुख तथा पदाधिकारीको पद रिक्त हुनु भन्दा एक महिना अगावै नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भनी व्यवस्था रहेको छ।उक्त कार्य संवैधानिक परिषदबाट समयमै सम्पन्न गर्नु पर्ने हुन्छ।संविधानको धारा २८४ को उपधारा (४) मा संवैधानिक निकायका प्रमुख वा पदाधिकारीको नियुक्ति सम्बन्धी कार्यविधि संघीय कानून बमोजिम हुने व्यवस्था छ।उक्त व्यवस्थाकै लागि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ कार्यान्वयनमा रहेको छ।प्रस्तुत ऐनमा परिषद्को अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्य उपस्थित भएमा परिषद्को बैठकमा गणपुरक संख्या पुग्ने तथा बैठकमा पेश भएको प्रत्येक विषयको निर्णय सर्वसम्मतिको आधारमा हुने व्यवस्था रहेकोले बैठक बस्न र निर्णय हुन नसकिरहेको हुँदा संवैधानिक परिषद्को बैठक बस्न र निर्णय हुन सक्ने गरी तत् सम्बन्धी व्यवस्थालाई तत्काल संशोधन गर्ने गरी मिति २०७७।०८।३० मा सम्माननीय राष्ट्रपतिबाट " संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश" जारी भएको थियो । सो अध्यादेशबाट गरिएको व्यवस्था नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ग) बमोजिम मिति २०७८।०१।२२ पछि स्वतः निष्क्रिय हुने अवस्था रहेको सन्दर्भमा उक्त अध्यादेशबाट गरिएका कानूनी व्यवस्थालाई निरन्तरता दिई संवैधानिक परिषद्को बैठक बस्न र निर्णय हुन सक्ने गरी अध्यादेश जारी गर्नु पर्ने अवस्था उत्पन्न भएको हो ।

अतः उक्त कानूनी व्यवस्थालाई निरन्तरता दिनु पर्ने परिस्थति उत्पन्न भएको र संघीय संसदको अधिवेशन नभएकोले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम " संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी अध्यादेश, २०७८" जारी भएको हो।

संवत् २०७८ साल बैशाख २१ गते जारी भएको प्रस्तुत अध्यादेशको व्यवस्था यसैसाथ संलग्न रहेको छ।

काठमाडौं
१४ असार, २०७८

(केपी शर्मा ओली)
प्रधानमन्त्री

<u>संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश</u>

<u>प्रस्तावनाः</u> संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस अध्यादेशको नाम "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ मा संशोधनः</u> संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) अध्यक्षसहित तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) बैठकमा पेश भएको प्रत्येक विषयको निर्णय सर्वसम्मतिको आधारमा हुनेछ।

तर यस उपदफा बमोजिम सर्वसम्मति कायम हुन नसकेमा अध्यक्षसहित तत्काल बहाल रहेका सदस्यको बहुमतबाट निर्णय हुन सक्नेछ।"

(३) उपदफा (६) र (७) झिकिएका छन्।

३. <u>खारेजी र बचाउ</u> : (१) संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७ खारेज गरिएको छ ।

(२) संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ।

मितिः २०७८।१।२

विषयः अध्यादेश प्रस्तुत गर्ने सम्बन्धमा।

श्री महासचिव,

संघीय संसद सचिवालय,

सिंहदरबार, काठमाडौं।

उपर्युक्त विषयमा “संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (क) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९३ बमोजिम संघीय संसदको प्रतिनिधि सभामा प्रस्तुत गर्ने व्यवस्था मिलाई दिनु हुन उक्त अध्यादेशका आवश्यक प्रतिहरू सहित सूचना गरेको छु।

(केपी शर्मा ओली
प्रधानमन्त्री